सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ, गण्डकी प्रदेश, नेपाल
SUNDARBAZAR MUNICIPALITY
Office of Municipal Executive
Sundarbazar, Lamjung, Gandaki Province, Nepal

# बेरोजगार सूचीमा सूचीकृत भई न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सूचना

**(सूचना प्रकाशन मिति : २०८०/१०/२९)**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (संसोधन २०७७) को दफा १८ बमोजिम आगामी **आर्थिक वर्ष २०८१/०८२ मा** न्यूनतम रोजगारीमा संलग्न हुन सामाजिक संरक्षण आवश्यक भएका बिपन्न ब्याक्ति वा न्यून आय भएका वा स्वरोजगारमा समेत संलग्न नरहेका, निवेदन दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुरा भई ५९ वर्ष नकटेका बेरोजगार व्यक्तिहरुले **मिति २०८० फागुन १ देखी ३० गते**सम्म आवश्यक कागजात सहित निवेदन फारममा माग भएका सम्पुर्ण बिवरण भरी आफु स्थायी बसोवास रहेको वडा कार्यालयमा दर्ता गराउन हुन यो सूचना प्रकाशन गरिएकोछ । बेरोजगार दर्ताका लागि निवेदन फारम वडा कार्यालय र रोजगार सेवा केन्द्रबाट प्राप्त गर्न सकिनेछ साथै सुन्दरबजार नगरपालिकाको वेवसाईट www.sundarbazarmun.gov.np बाट समेत डाउनलोड गर्न सकिनेछ ।

पुनश्चः अघिल्ला आर्थिक वर्षहरुमा सुचिकृत भएका बेरोजगारहरुले समेत आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि सुचिकृत हुन तोकिएको निवेदन फारम भरी नविकरण गराउनुपर्नेछ । निवेदन दिने ब्याक्तिले फारममा उल्लेखीत बिवरण पुर्ण रुपमा नभरेमा वा तोकिएको कागजातहरु पेश नगरेमा उक्त निवेदनहरु स्वतः रद्द हुने समेत यसै सूचना मार्फत जानकारी गरिन्छ ।

**निवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी — १ प्रति
२. पासपोर्ट साइजको फोटो — १ प्रति
३. निवेदकको एकाघर परिवारका सदस्यहरुको नागरिकता प्रमाण पत्र, सामाजिक सुरक्षा भत्ता, पेन्सन, तालिम लिएको भए त्यसको बिवरण निवेदनमा माग भएको स्थानमा अनिवार्य भर्नुपर्नेछ ।
४. निवेदक अन्यत्रबाट बसाई सराई भई आएको हकमा बसाई सराई प्रमाण पत्रको प्रतिलिपी
५. निवेदक बैदेशीक रोजगारीबाट रोजगार गुमाई फर्किएको वा बैदेशिक रोजगारीमा जान नपाएको भएमा उक्त व्यहोरा खुल्ने कागजात (पासपोर्ट वा श्रम स्विकृतीको प्रमाण आदि) को प्रतिलिपी ।

***नोट : सूचिकृत मध्ये छनौट भएका बेरोजगारहरुलाई नगरपालिकाबाट कार्यक्रमको निर्देशिका तथा कार्यविधिको अधिनमा रही न्यूनतम रोजगारीका क्षेत्रहरु जस्तै; भौतिक पूर्वाधार निर्माण तथा मर्मत संभार, स्वास्थ्य, शिक्षा, वातावरण संरक्षण, सिप तथा क्षमता विकास, स्थानीय तहमा गरिने बिभिन्न अभियान जस्ता क्रियाकलापमा संलग्न गर्न सकिनेछ ।***

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Tel : +977-66-402226, Fax : +977-66-402059 | E-mail : sundarbazarmun@gmail.com | Website : www.sundarbazarmun.gov.np